नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेलः neba@nepalbar.org
वेबः www.nepalbar.org

प.सं. २०७७ । ०७८

मितिः २०७७ जेठ ४ गते ।

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी

# प्रेश विज्ञप्ती

नेपाल बार एशोसिएशन आफ्नो स्थापनाकालदेखि नै संवैधानिक सर्वोच्चता, विधिको शासन, मानव अधिकार, स्वतन्त्र र सक्षम न्यायपालिका, प्रेस स्वतन्त्रता, व्यवसायिक हक हित संरक्षण र प्रवर्धनको पक्षमा सदा क्रियाशील रही आएको छ। उल्लेखित कुनै पनि विषयमा कहिँ कतैबाट जुनसुकै रूपमा पुर्याएको वा पुर्याइने दखल, हस्तक्षेपको हामी खुलेर विरोध गर्दछौं । सोका लागि समय-समयमा नेबाएले गर्दै आएका आन्दोलन, विरोध तथा सुझावहरु सबैका सामु छर्लङ्ग नै छन् ।

विश्वभर फैलिएको कोरोना भाईरस (COVID-19) को महामारीले नेपाल समेत नराम्ररी प्रभावित हुन गएको छ । लामो समयको बन्दाबन्दि र संक्रमणको त्रासले राज्यका सबैजसो क्षेत्र, पेशा, व्यवसाय र सामान्य जनजिवन समेत गम्भिर संकटको भुमरीमा पर्न गएको कुरा हामी सबैमा अवगत नै छ । राज्यबाट यसको प्रभाव कम गर्न भएका प्रयासले मात्र सम्पूर्ण क्षेत्रका समस्या सम्बोधन हुन सक्ने अवस्था देखिएको छैन । यस विषम परिस्थितिमा सबै पेशा, वर्ग, समुदायका व्यक्तिहरुको सामूहिक प्रयासबाट कम्तीमा आफ्नो पेशा, व्यवसाय, वर्ग, समुदायका सदस्यहरुका लागि तत्कालीन तथा दीर्घकालीन योजना बनाई सो बमोजिम कार्य सम्पादन गर्नुपर्ने टड्कारो आवश्यकता नेपाल बार एशोसिएशनले महसुस गरेको छ । नेपाल बार एशोसिएशनले आफ्ना सदस्य कानून व्यवसायीहरुका लागि विगतमा पनि केहि प्रयास गरेको भएता पनि प्रभावकारी हुन नसकेको यथार्थ हाम्रा सामु छर्लङ्ग नै छन् । कानून व्यवसाय पनि नियमित रोजगारीको पेशा नभएको र सबैको समान अवसर र आर्जनको अवस्था पनि नभएको सामाजिक अभियन्ताको रुपमा स्वतस्फूर्तरुपमा विभिन्न समयमा लोकतन्त्र, मानव अधिकार, स्वतन्त्र सक्षम न्यायपालिका, स्वतन्त्र प्रेस, कानूनी राजका पक्षमा सबै राजनीतिक दल आवद्ध नेता, कार्यकर्ता समेतलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउँदै आएको भए पनि त्यस्ता दल र नेताहरु सरकारमा रहँदाको अवस्थमा कानून व्यवसायीहरुको सामुहिक हित हुने कुरामा खासै ध्यान दिएको पनि पाईएको छैन ।

कानुन व्यवसायीहरुले आफ्नो कमाई अनुसार प्रचलित कानून अनुसार राज्यलाई कर बुझाई आएका छौं र गरिब, असहाय, असक्षम पक्षका लागि स्वेच्छिक निःशुल्क कानूनी सहायता पनि प्रदान गरि आएकै छौं । यस स्थितिमा अन्य सर्वसाधारण नागरिक सरह कानून व्यवसायीहरु पनि व्यवसायिक संकटमा पर्न गएका छौं । कतिपय कानून व्यवसायहिरु चरम आर्थिक संकटमा समेत परेका छन् ।

नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेलः neba@nepalbar.org
वेबः www.nepalbar.org

प.सं. २०७७ । ०७८

मितिः २०७७ जेठ ४ गते ।

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी

औषधी उपचार मात्र होइन बिहान बेलुकाको छाक टार्ने मुस्किलमा परेका पनि कतिपय कानून व्यवसायीहरु रहेका छौं । यो संक्रमण र लकडाउन (बन्दाबन्दि) अझै कतिसम्म रहने हो निश्चित छैन । तसर्थ यी तत्कालिन अप्ठ्यारा र भविष्यमा आईपर्ने विरामी, दूर्घटना, मृत्यु तथा अभावजन्य संकटका अप्ठ्याराहरुलाई सम्बोधन गरि कानून व्यवसायीहरुलाई पेशामा नै टिकाई राख्न समेत एउटा स्थायी प्रकृतिको 'कानून व्यवसायी विपद राहत कोष' खडा गर्न अब ढीला गर्न हुँदैन भन्ने महसुस गरि नेबाएले हालै विभिन्न सामाजक सञ्जाल र वेवीनार (Webinar) मार्फत समेत सुझाव सङ्कलन गरि आज मिति २०७७ जेठ ४ गते सम्पन्न कार्यसमितिको भर्चुयल बैठकबाट उक्त कोष खडा गर्ने निर्णय गरेको छ । उक्त कोषको सञ्चालन गर्न कार्यविधि निर्माण गर्ने र हाल उक्त कोषमा नेबाए कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुबाट गरी एकमुष्ट रकम रु. ३,९०,०००।०० (तीन लाख नब्बे हजार) दाखिला भई जम्मा भएको जानकारी गराउन चाहन्छौं । उक्त रकम मात्रले समस्याको पूर्ण सम्बोधन नहुने भएकोले उक्त कोषका लागि आगामी साधारण सभाबाट विधानमा नै व्यवस्था गरि हरेक सदस्यहरुको सहभागिता अनिवार्य गर्ने तथा तत्काल नेबाएका सम्पूर्ण एकाई र कानून व्यवसायीज्यूहरुलाई आ-आफ्नोतर्फबाट सक्दो आर्थिक सहयोग गर्न हार्दिक अनुरोध गर्ने समेत निर्णय भएको हुँदा नेबाएको नाममा राष्ट्रिय बाणिज्य बैंक लि., सिंहदरबार शाखा, पुतलीसडकमा रहेको खाता नं. ११३००००६९४०१ मा सक्दो सहयोग रकम जम्मा गरिदिनुहुन वा लकडाउनको कारणले असुविधा पर्न सक्ने महसुस गरिएकोले नेबाएका पदाधिकारी वा कर्मचारीहरुलाई फोनमार्फत प्रतिवद्धता जनाई दिनु हुन समेत सम्पूर्ण वरिष्ठ अधिवक्ताज्यू, अधिवक्ताज्यू, अभिवक्ताज्यूहरुलाई आव्हान गर्दछौं ।

'विपत्ती ढोल बजाएर आउँदैन, यो जो सुकैलाई जहिले् पनि पर्न सक्छ ।' त्यसैले खुला दिलले सहयोग गरौं । महामारि तथा वित्तपीबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।
यहाँको निरन्तर सहयोग र समझदारीका लागि धन्यबाद ।

अधिवक्ता लीलामणि पौडेल
महासचिव